# *प्रिय सुफी* उपन्यासको शैलीवैज्ञानिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली
भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह,
एम.एड., द्वितीय वर्षको नेपा.शि. ५९८
पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत

**शोधपत्र**

**किरण खत्री**
त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-४८-२४७५-२००९
परीक्षा क्रमाङ्क : २४०००७०/२०७३

नेपाली भाषा शिक्षा विभाग,
सप्तगण्डकी बहुमुखी क्याम्पस,
भरतपुर, चितवन

२०७९/2022

## प्रतिबद्धतापत्र

*प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जेजसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजन स्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु ।

मिति : २०७९/०२/१०

२४ मे, २०२२

............................

किरण खत्री

शोधार्थी

## शोध निर्देशकको सिफारिसपत्र

*प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधार्थी किरण खत्रीले गरेको शोधले म सन्तुष्ट छु । यस शोधकार्यले सम्बन्धित पक्ष सबैलाई प्रत्यक्ष फाइदा पुग्नेमा म विश्वस्त छु ।

मिति : २०७९/०२/१६

३० मे, २०२२

..........................

विन्दु पौडेल (वस्ती)

शोध निर्देशक

उपप्राध्यापक

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

## कृतज्ञताज्ञापन

प्रस्तुत *प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको नेपा.शि. ५९८ अध्ययनपत्र पाठ्याशको प्रयोजनार्थ तयार पारिएको हो, सर्वप्रथमतः प्रस्तुत उपन्यासका लेखक अर्थात् शोधनायक सुबिन भट्टराईलाई हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु, जसको उपन्यासका कारण मैले आफ्नो शोधकार्यमा प्रस्तुत कृतिको माध्यमबाट अनुसन्धान कार्य गर्ने अवसर प्राप्त गरेकी छु ।

प्रस्तुत शोधको उपर्युक्त शोधशीर्षक छनोट तथा शोधप्रस्ताव स्वीकृत गरी शोधको अवसर प्रदान गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पस तथा यस शोधकार्यको शीर्षक चयन एवम् अन्य सल्लाह, सुझाउ र मार्गनिर्देशन गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली विभागका विभागीय प्रमुख तथा शोधनिर्देशक गुरुआमा विन्दु पौडेल (वस्ती) एवम् आदरणीय गुरु सरोज दवाडीज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा विभिन्न प्रकारका सन्दर्भ सामग्रीहरू उपलब्ध गराइदिने सप्तगण्डकी क्याम्पस पुस्तकालय र बालकुमारी क्याम्पस पुस्तकालयप्रति धन्यवाद प्रकट गर्न चाहन्छु ।

शोधलेखनका क्रममा शान्तिप्रसाद ढकाल, माधवप्रसाद पौडेल, चूडामणि बन्धु, पारसमणि भण्डारी, मोहनराज शर्मा, सुष्मा कोइराला, सृजना नेपाली, लक्ष्मी रम्तेल, धनमाया श्रेष्ठ, कमलाकुमारी सापकोटाका शोधलेखहरूको सहयोग लिइएकोले उहाँहरूप्रति कृतज्ञता प्रकट गर्न चाहन्छु । उच्च शिक्षाको विशिष्ट स्तरसम्म पुऱ्याउन सहयोग गर्ने पिता सूर्य बहादुर खत्री र मेरी ममतामयी माता माया खत्री, जीवनसाथी मधुराम पोखेल, मेरा भाइबहिनीहरू, मेरो प्यारो छोरा उत्सब पोखेलका साथै परिवारका अन्य सदस्यहरू, प्रिय साथीहरू टिकाराम सुनार, हिरा बराल र रीता लामिछाने तथा सम्पादन सहयोगी दाजु जीवन ढुङ्गानालाई सम्झिन चाहन्छु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली भाषा शिक्षा विभागसमक्ष पेस गर्दछु ।

मिति : २०७९/०२/१० ..........................

२४ मे, २०२२ किरण खत्री

शोधार्थी

## शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वित्तीय वर्षको नेपाली शिक्षा ५९८ पाठयांशको प्रयोजनका लागि तयार गरिएको छ । यस शोधपत्रको शीर्षक *प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* रहेको छ । *प्रिय सुफी* उपन्यासमा प्रयुक्त कथानकका आधारमा उपन्यासको विश्लेषण, उपन्यासका पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण, चयन, विचलन र समानान्तरताका आधारमा उपन्यासको भाषिक विश्लेषण गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ ।

शोधपत्रको विश्लेषणात्मक पक्षलाई हेर्दा कथानकको आरम्भ भागमा म पात्र वीरगञ्जबाट काठमाडौँ आउने क्रममा हुनु, बाटोमा गाडी बिग्रिएर अलपत्र पर्नु, चिनजानको व्यक्तिलाई सम्पर्क गरेर अर्को माइक्रोमा चढ्नु, उसले गाडीमा कथा सुनाउनु, म पात्र कलेज पढ्दा सहपाठीलाई मन पराउनु तर नभन्नु, एकोहोरो प्रेम गरिरहनु, सदालाई पाउनका लागि सार्थकले विभिन्न परीक्षा दिन तयार हुनुसम्मका घटनाहरू आरम्भअन्तर्गत पर्दछन् । यस्तै सङ्घर्ष विकासअर्न्तगत सदाले दिएका सबै परीक्षाहरू सार्थकले स्वीकार गर्छ, बिस्तारै उनीहरूको सम्बन्ध प्रगाढ हुँदै जान्छ । सदाले आफ्नी बहिनी सुफीलाई मन पराउँदिन ।  एकदिन सदा अचानक बिरामी पर्छे । उसले केही दिनसम्म वास्ता गर्दिन । ऊ बिस्तारै रोगले ग्रसित हुँदै जान्छे । आफू बिरामी भएको सार्थकलाई मात्र बताउँछे र उसको साथमा हस्पिटल जान्छे । डाक्टरले उसलाई केही दिन घरमा नै आराम गर्ने सल्लाह दिन्छन् । सार्थकले कलेजका सम्पूर्ण गतिविधिहरू उसलाई बताउनु, उसको निकै ख्याल राख्नुसम्मका घटना पर्दछन् । सङघर्षह्रासअर्न्तगत सदाको प्रेम हुर्कन नपाउँदै उसलाई बाथ रोग लाग्दछ । ऊ दिनप्रतिदिन कमजोर बन्दै जान्छे । सदा झन् थला पर्दै जान्छे । सदाले सधैँ हेला गर्ने बहिनीले नै सदाको ख्याल राख्छे । सदा झन् थला पर्दै जान्छे, बिस्तारै सार्थकले आउनेजाने क्रम घटाउँदै जान्छ । सदा हिँडडुल गर्न नै नसक्ने अवस्थामा पुगेपछि सार्थकले सदालाई आफूहरूको सम्बन्ध अब अगाडि नबढ्ने बताउँछ । सदाले आफूलाई सम्हाल्नु, बहिनी सुफीले आफूप्रति गरेको मायादेखि आमाको दर्जा बहिनीलाई दिनु, पुनः बाँच्नका लागि सङ्घर्ष गर्नु आदि पर्दछन् । सदाले आफ्नो जीवनमा घटेका सम्पूर्ण घटनालाई डायरीमा उतार्दै जान्छे । उसको आत्मविश्वासले रोगका अगाडि घुँडा टेक्छ । उसले आफूले लेखेको

डायरी सुफीलाई देखाउँछे । सुफीले त्यस डायरीलाई छपाउन आग्रह गर्दछे । उसको डायरी प्रकाशित हुन्छ । उसको त्यो लेख अहिलेसम्मकै सर्बाधिक बिक्री भएको पुस्तक बन्छ । उसले त्यो सफलताका लागि मनमनै सार्थकलाई धन्यवाद दिन्छे । यसरी उपन्यासको अन्त्य हुनुलाई उपसंहार मान्न सकिन्छ ।

पात्रहरूको शैलीविश्लेषणको आधारमा पात्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा विभाजन गरी विश्लेषण गरिएको छ । प्रमुख पात्र सदा, सुफी, सार्थक र भाष्कर रहेका छन् । गौण पात्रको भूमिकामा सदाकी आमा, अदिति, भरोसा, नियति, डा. शर्मा, डा. गुप्ता, ठुलोबुबा, ठुलीआमा, शकुन्तला फुपू, आएका छन् ।

भाषिक प्रयोगका आधारमा चयनअन्तर्गत शब्द चयन, वाक्य चयन, चिह्नको प्रयोग गरिएको छ । शब्द चयनअन्तर्गत तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्द, नामपदको चयन, सर्वनामको चयन, विशेषणको चयन, क्रियापदको चयन, क्रियायोगी वा क्रियाविशेषणको चयन, नामयोगी शब्दको चयन, निपातको चयन, संयोजक शब्द चयन, विस्मयादिबोधक शब्दको चयन छन् । वाक्य चयनअन्तर्गत सरल वाक्य, संयुक्त वाक्य, मिश्र वाक्य छन् । चिह्नको प्रयोगअन्तर्गत प्रश्नवाचक, योजक र उद्गार चिह्नको प्रयोगलाई उदाहरणसहित व्याख्या र विश्लेषण गरिएको छ ।

# विषयसूची

*आवरण*

*प्रतिबद्धतापत्र*

*शोधनिर्देशकको सिफारिसपत्र*

*स्वीकृतिपत्र*

*कृतज्ञताज्ञापन*

*शोधसार* क

*सङ्क्षिप्त रूपसूची* ग

*विषयसूची* घ

*तालिकासूची* ज

*रेखा चित्रसूची* झ

*चिह्नसूची* ञ

**अध्याय एक : शोधपरिचय**

अध्ययनको पृष्ठभूमि १

समस्याकथन २

अध्ययनको औचित्य २

अनुसन्धानात्मक प्रश्नहरू २

सीमाङ्कन ३

पारिभाषिक शब्दावली ३

सारांश ३

**अध्याय दुई : सम्बन्धित कार्यको पुनरावलोकन**

सैद्धान्तिक पुनरावलोकन ४

प्रायोगिक पुनरावलोकन ६

अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग १०

शैलीविज्ञानको सैद्धान्तिक अवधारणा १०

    शैलीको परिचय ११

| | |
|---|---|
| शैलीविज्ञानको परिभाषा | १३ |
| भाषाशिक्षण र शैलीविज्ञानको सम्बन्ध | १६ |
| शैलीविज्ञानको अन्य विधासँगको सम्बन्ध | १७ |
| शैली विश्लेषण प्रक्रिया | १८ |
| साहित्यिक संरचना | १९ |
| शैली | २० |
| विविधता | २५ |
| *प्रिय सुफी* उपन्यासको शैलीवैज्ञानिक आधारमा वर्गीकरण | २५ |
| कथानक संरचना | २५ |
| पात्रविधान | २७ |
| भाषिक संरचना | २९ |
| सारांश | ३१ |

**अध्याय तीन : अनुसन्धान विधि**

| | |
|---|---|
| अनुसन्धान ढाँचा | ३२ |
| नमुना छनोट प्रक्रिया | ३२ |
| तथ्य सङ्कलन प्रक्रिया | ३२ |
| तथ्य सङ्कलनका साधन | ३२ |
| तथ्य सङ्कलन | ३३ |
| अवधारणात्मक ढाँचा | ३३ |
| नतिजा र छलफल | ३४ |
| शोधपत्रको रूपरेखा | ३४ |
| सारांश | ३५ |

**अध्याय चार : *प्रिय सुफी* उपन्यासको कथानक**

| | |
|---|---|
| आरम्भ | ३९ |
| सङ्घर्ष विकास | ४० |
| चरमोत्कर्ष | ४१ |

सङ्घर्षह्रास ४२
उपसंहार ४२
सारांश ४३

**अध्याय पाँच : *प्रिय सुफी* उपन्यासमा पात्रगत संरचना**

सदा ४५
सार्थक ४६
सुफी ४६
भाष्कर ४७
पात्रहरूको चरित्र विश्लेषण ४७
    लिङ्गका आधारमा ४७
    प्रवृत्तिका आधारमा ४८
    स्वभावका आधारमा ४८
    आसन्नताका आधारमा ४८
    आबद्धताका आधारमा ४८
सारांश ५०

**अध्याय छ : *प्रिय सुफी* उपन्यासको भाषिक विश्लेषण**

चयन ५१
    शब्दचयन ५१
    वाक्यचयन ५६
    चिह्नको प्रयोग ५७
भाषिक विचलन ५८
    व्याकरणिक विचलन ५८
    कोशीय विचलन ५९
    अर्थतात्त्विक विचलन ५९
    ध्वनिप्रक्रियात्मक विचलन ५९
    लेख्यप्रक्रियात्मक विचलन ६०

प्रयुक्ति विचलन ६०
समानान्तरता ६०
बाह्य समानान्तरता ६०
आन्तरिक समानान्तरता ६१
सारांश ६१

**अध्याय सात : उपसंहार**
सारांश ६२
निष्कर्ष ६४
उपादेयता ६५
धसन्दर्भ सामग्रीसूची
व्यक्तिवृत्त

# तालिकासूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ : | शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण | ४९ |

# चित्रसूची


| रेखाचित्र सङ्ख्या | शीर्षक | पृष्ठ |
| --- | --- | --- |
| १ | : कृतिको आकार | ११ |
| २ | : शैलीविश्लेषण प्रक्रिया | १९ |
| ३ | : अवधारणात्मक ढाँचा | ३३ |

# चिह्नसूची

| चिह्न | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| … | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | विशेष जोड दिँदा |
| : | व्याख्या/सापेक्ष |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा |
| ! | उद्धरण/विस्मयादिबोधक |

# सङ्क्षिप्त रूपसूची

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| एम.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| चौ.सं. | : | चौथो संस्करण |
| डा. | : | डाक्टर |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| नं. | : | नम्बर |
| प्रति. | : | प्रतिकूल |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| पृपृ. | : | पृष्ठदेखि पृष्ठसम्म |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रा.प्र.पा. | : | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| संस्क. | : | संस्करण |
| स्व. | : | स्वर्गीय |